Received Date: Sept. 2023 Revised: Nov. 2023 Accepted: Dec. 2023

# नवलपुर जिल्लाको ऐतिहासिक तथा पर्यटकीय चिनारी

**प्रा.डा. ज्ञानेन्द्र पौड्याल**
मध्यबिन्दु नगरपालिका-८, चौरंगी, नवलपरासी पूर्व
Email: hisan_2012@yahoo.com
*Doi: https://doi.org/10.3126/ppj.v3i2.66202*

**शोधसार**

*नेपालका सात प्रदेश र ७७ जिल्लाहरूमध्ये गण्डकी प्रदेशमा पर्ने लुम्बिनी अञ्चलको एक मात्र नवलपुर जिल्ला ऐतिहासिक रूपमै सबैभन्दा कान्छो र महत्वपूर्ण जिल्ला मानिन्छ । वि.सं.२०७२ को संविधानअनुसार साविकको लुम्बिनी अञ्चल अन्तर्गत पर्ने नवलपरासी जिल्लालाई २ वटा जिल्लामा विभक्त गरिएकाले बर्दघाट सुस्तापूर्वलाई नवलपरासी (पूर्व) नवलपुर र बर्दघाट सुस्ता पश्चिमलाई नवलपरासी (पश्चिम) भनिएको छ । धेरै पहिले यसको पुरानो नाम पश्चिम क्षेत्रलाई पाल्हीमाझ खण्ड परासी र पूर्वतर्फको दाउन्नेदेखि गैंडाकोटसम्मको भूभागलाई नवलपुर भनिन्थ्यो ती मध्ये भ्रमणहरू पाल्पा र तनहूँ जिल्लाका पर्दथे । यस प्रकार वि.सं. २०२७ सालदेखि (परासी + नवलपुर) जोडेर नवलपरासी नामाकरण गरिएको अवस्था थियो । अहिले नेपालको संविधान २०७२ अनुसार साविकको नवलपरासी जिल्लालाई विभाजन गरी (बसुप) बर्दघाट सुस्ता पश्चिम र पूर्वको (बसुपू) साङ्केतिक नाम दिई २ वटा जिल्ला बनाइएको छ । नवलपरासी ( पश्चिम) लुम्बिनी प्रदेशअन्तर्गत पर्दछ भने, नवलपरासी (पूर्व) गण्डकी प्रदेशअन्तर्गत पर्ने यो जिल्लाको नयाँ नाम नवलपुर प्रस्ताव गरिएको छ । गण्डकी प्रदेशको भारतसँग जोडिने एकमात्र नाका विनयी त्रिवेणी गाउँपालिकाअन्तर्गत वडा नं. ६ त्रिवेणी बजार तथा भैसालोटन-गण्डक बाँध तथा वडा नं. ७ रानीनगरसमेत यही जिल्लासँग जोडिएको छ । गण्डकी प्रदेशको लागि भारतबाट नेपाल भित्रिने एक मात्र नाका यही त्रिवेणी बजार (भैसालोटन) हो । सविक नवलपरासी हुँदा यसको भारतसँगको अर्को नाका महेशपुर, ठुटीबारी भन्सार थियो । प्रदेशिक संरचना र जिल्लाको विभाजनले त्यो क्षेत्र लुम्बिनी प्रदेशमा पर्न गयो र नवलपरासी पश्चिमको भन्सार नाका लुम्बिनी प्रदेशको नाका बन्न पुग्यो । गण्डकी प्रदेशको लागि भारतसँगको नाका जोडने क्रममा भौगोलिक रूपमा दाउन्ने पहाडभन्दा पश्चिम पारी भएता पनि नारायणी नदीको किनार र तटलाई आधार बनाई विनय त्रिवेणी गाँउपालिकाको वडा नं. ६ र ७ बनाएर तत्कालीन त्रिवणी गाविसका दुई वटा वडाहरू त्रिवेणी बजार, रानीनगर, भैसालोटन, गण्डक बाँध क्षेत्रलाई गण्डकी प्रदेशको नाका हुने गरी नवलपरासी पूर्व जिल्लाको संरचना मिलाइएको मान्न सकिन्छ । गण्डकी प्रदेशको उत्तरमा तिब्बतको सिमाना कोरला र दक्षिणमा भएको भैसेलोटन हुने गरी सिमाना मिलाइएको देखिन्छ । यद्यपी दाउन्ने पहाडमा अवस्थित दाउन्ने बजार बस्तीदेखि जिल्लाको सुरु हुने र पूर्व दुम्कीवास हुँदै उत्तर तर्फको बेनीमणीपुरको सर्दी देउराली उपत्यका, पहाडको बुलिङ्टार, हुप्सेकोट, देवचुली, बडचुली, डाँडाझेरी, मिथुकरम, बुड्दिकाली, डेढगाउँफाँट र तलको गैंडाकोटफाँट हुँदै उत्तरमा कालीगण्डकी तथा दक्षिणमा नारायणी नदीको तट हुँदै पश्चिमतर्फ त्रिवेणी क्षेत्रसम्म सिमाना रहेको (नवलपरासी बर्दघाट सुस्तापूर्व) छ । यसको प्रस्तावित नवलपुर जिल्लाको आधिकारिक नाम भने नेपाल सरकारबाट स्वीकृत हुन अझै बाँकी छ । सायद यो जिल्लासँगै विभक्त भएका रुकुम पूर्व र रुकुम पश्चिम जिल्लासमेतलाई एकैसाथ नामाकरणसहित स्वीकृत गर्ने नेपाल सरकारको उद्देश्य रहेको हुनसक्छ । अहिलेसम्म पश्चिम नवलपरासीलाई नवलपरासी (वसुप) र पूर्वी नवलपरासीलाई नवलपरासी (वसुपू) भन्ने र लेख्ने गरिएको छ ।*

**विशिष्ट शब्दावली :** ऐतिहासिकता, पर्यटकीय, वातावरणीय, विकास प्रक्रिया र आर्थिक उपार्जन ।

## ऐतिहासिक पृष्ठभूमि

यस जिल्लाको उत्तरतर्फ रहेको तनहूँ जिल्ला तत्कालीन सेन राज्य भएको र नवलपुरका केही पूर्वी भागहरू पाल्पा र तनहूँबाट गाभिएको हुनाले नवलपुरको इतिहास खोज्नु पर्दा तत्कालीन तनहूँको इतिहास र

पाल्पाको इतिहाससमेतलाई नियाल्नु र खोतल्नु पर्ने देखिन्छ । नवलपुरका विभिन्न भूभागहरू जस्तैः शिखौली, मुकुन्दपुर, मौलाडाँडा आदि विभिन्न गाउँ क्षेत्रहरू पाल्पा र तनहूँबाट गाभिन आएका हुन् । वि.सं. २०३१ सालपछि धोवादी, पार्वतीपुर र गैंडाकोटजस्ता क्षेत्रहरू पछि पुनः तनहुँबाट र अन्य उत्तर-पूर्वका ११ वटा पञ्चायतलाई पाल्पाबाट तत्कालीन नवलपरासी जिल्लाको भूगोलभित्र गाभिएको हो । वि.सं.२०३१ सालसम्म नवलपरासी जिल्लामा जम्मा ४९ वटा मात्र गाउँ पञ्चायत थिए भने पछि पाल्पाबाट ११ र तनहुँबाट २ गरी थप १३ वटा तत्कालीन गाउँ पञ्चायतलाई नवलपरासीमा गाभियो । अतः यसरी पहाडी क्षेत्रका विभिन्न गाउँ र बस्तीहरू गाभिदा नवलपरासी जिल्लामा विभिन्न जातजातिको मिश्रित जिल्ला बन्न पुग्यो किनभने जिल्लाको उत्तरतर्फका पहाडी भूभागहरूमा अधिकांश मगर समुदायको बस्ती छ । दक्षिणतर्फ थारु समुदायको बाक्लो बस्ती छ भने सडक बजारमा मिश्रित समुदाय छन् । यद्यपि नवलपुर क्षेत्रमा अझै पनि यहाँ थारु जातीको बाहुल्यता छ । यसबाहेक यहाँ ब्राह्मण, क्षेत्री, मगर, गुरुङ्ग, नेवार, कुमाल, तामाङ, राई, शेर्पा, लिम्बु, मुस्लिम, धानुक, सोनार, घर्ती, ठकुरी, सन्यासी, थकाली, दरै, दनुवार, सतार, कामी, दमाई, सार्की, चिडीयामार र बोटे, माझी, मुसहर आदिको बसोबास रहेको पाइन्छ । सबै जातिहरूले आ-आफ्नो मातृभाषाबाहेक नेपाली भाषा सहज र स्वतन्त्र रूपमा बोल्ने गर्दछन् ।

अधिकांश मानिसहरू मध्ये खासगरी जनजातिहरूले आफ्नो घर-परिवारमा आफ्नै मातृभाषा नै प्रयोग गरेको पाइन्छ र बाहिर नेपाली भाषा नै प्रयोग गर्दछन् । देशका अन्य भागमा झैं यस जिल्लाका निवासीहरूले विभिन्न धर्म अँगालेको पाइन्छ । यहाँ सङ्ख्यात्मक दृष्टिले सबभन्दा बढी हिन्दूहरू छन् । त्यसपछि यहाँ इस्लाम, बौद्ध र इसाई धर्मका अनुयायीहरू छन् । जिल्लाको उत्तरी पहाडी भागतिर मगरहरूको बाक्लो बस्ती छ भने दक्षिणतर्फ थारुहरूको बस्ती तथा घना आवादी छ । राजमार्गको छेउछाउ र बजार बस्तीहरूमा विभिन्न जातका मानिसहरू मिश्रित रूपमा बसोबास गर्दै आएका पाइन्छन् । २०३१ साल अघिसम्म यहाँ औलोको डर थियो । औलो उन्मुलन भएपछि खासगरी वि.सं. २०३०/२०३२ पछि नै अन्य जिल्ला र सोही जिल्लाका मानिसहरू पहाडबाट बसाइसराइ गरी आउने क्रम सुरुभयो । प्रजातन्त्र पुनःस्थापना वि.सं. २०४७ पछि बसाइसराइको प्रक्रियाले अझ बढी तीव्रता पाएको देखिन्छ ।

## अनुसन्धान विधि

खोजमूलक अनुसन्धान प्रक्रिया पद्धतिगत ढाँचाबाट अगाडि बढ्ने निरन्तर परिचालित प्रक्रिया हो । यसमा शोधविधिका चरणवद्ध विधि र प्रक्रियाहरुलाई आत्मसात गर्दै सूचनाहरु संकलन गरिन्छ । तथ्याङ्कहरुलाई अन्तरसम्बन्धित तुल्याएर तिनीहरुका यथार्थपरक सूचनाहरुलाई सत्यान्वेसिताका आधारमा परिक्षण, पुर्नपरिक्षण समिक्षा, मूल्याङ्कन गर्दै प्राप्त निष्कर्षलाई निर्विवाद रुपमा सार्वजनिकीकरण गरिन्छ । प्रचलित शोधविधिका सैद्धान्तिक अवधारणाहरुलाई विशेषतः ख्याल गर्दै तथ्यपूर्ण निष्कर्षण पस्किनु यसको मूल उद्देश्य मर्म र धर्म पनि हो । प्रस्तुत आलेखमा पनि शोधविधिका प्रचलित पद्धतिहरुलाई आत्मसात गरेर प्रामाणिक तथ्यहरुका आधारमा निष्कर्षण प्रसतुतिकरण गरिएको छ ।

## अनुसन्धानको महत्त्व

पछिल्लो प्रशासनिक संरचनामा मुलुकलाई ७७ जिल्लामा वर्गीकरण गरेर सबैभन्दा कान्छो जिल्लाको रुपमा नवलपुर जिल्लाको नामकरण गरिएको हो । मुलुकको यो सबैभन्दा कान्छो जिल्ला हो । यद्यपि यस जिल्लामा अन्तरनिहित महत्त्वपूर्ण प्रकृतिक सम्पदा सांस्कृति सम्पदा प्राचिन ऐतिहासिकता पुरातात्विक विशिष्टता कृषि उपर्जाजन अन्नबाली, अनाज, फलफूल खेती, तरकारीलगायतका नगदेबालीहरुको अमृतमय उत्पादनका कारण यो जिल्ला निकै उर्बर भूमिको रुपमा रहेको देखिन्छ । वातावरण र पर्यावरणको दृष्टिले पनि यो जिल्लाको प्रसिद्धि निकै महत्त्वपूर्ण मानिन्छ । आय आर्जनका पेशागत विविधता कृषि उपार्जनमा अनेकता लगायत यहाँ निवास गर्ने प्रायः समुदायहरुका अनेकन पेशागत विविधताहरुरहेका छन् । वित्तीय विविधता पनि यो जिल्लाको अर्को विशिष्ट पक्ष हो । घरबास कार्यक्रमका कारण यो जिल्लाले आफ्नो लोकप्रियता अझ बढोत्तरी गरिरहेको

छ । यहाँ स्थापित अनेक घरबार कार्यक्रमहरुको योजनावद्ध विकास कानुनी व्यवस्थापन र आयमूलक आम्दानीका स्रोतहरुलाई आधुनिकीकरण गर्नै मौलिकतासँग त्यहाँको समाजलाई जोड्न प्रयत्न भइरहेको पनि पाइन्छ । यसरी समुदायलाई समाजसँग अभिन्न तुल्याउँदै उनीहरुको आर्थिक जीवनस्तर उठाउँदै आर्थिक सुदृढिकरण गर्नुपर्ने देखिन्छ । राज्यले यसका विकास विस्तार सुरक्षा संरक्षण र सम्बर्द्धमा चासो दिएर हरेक पक्षमाप्रबलिकरण गर्दै जाने नीति बसाल्ने हो भने यो जिल्लाको आर्थिक स्थितिमा पनि उल्लेखीय सुधार हुँदै जान सक्छ । यतिमात्र नभएर पर्यटनका आधारभूतावश्यकताहरुलाई सबलीकरण गर्ने पयास गर्दै जादा जिल्लाको स्थान अझ सुदृढ बन्न सक्ने प्रसस्त आधारहरु छन् । यहाँको धार्मिक विश्वास सांस्कृतिक विविधता सामाजिक परिवेश, र जातीय मौलिक परम्पराहरु चाडपर्व संस्कार लगायतका बहुआयामिक विषयवस्तुलाई महत्त्वका साथ जगेर्ना गर्ने । अभियानलाई तीब्र पार्दै समग्र जिल्लाको समसामयिक पक्षमाथि विकास तथा विस्तार गर्नुपर्ने आजको आवश्यकता हो । हरेक पक्षमा आधुनिकीकरण गर्दै जाँदा मौलिकताको पक्षलाई खास ध्यान दिनसकेको खण्डमा यो जिल्लाले मुलुकको श्रीवृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याउने कुरामा निश्चिन्त हुन सकिन्छ ।

## समसामयिक अवस्था तथा प्रशासनिक संरचना

नवलपरासीको भूभाग त्यस बेला पाल्पाली सेनहरूकै अधीनमा रहेको हुँदा यहाँको इतिहास बुटवल र पाल्पाका सेन राजाहरूको इतिहाससँग सम्बन्धित रहेको पाइन्छ । यसबाहेक तनहूँ राज्यसँग पनि यसको सम्बन्ध र सरोकार रहन्छ । पाल्पाली राजा मुकुन्दसेन द्वितीय निकै महत्वाकाङ्क्षी राजा भएकोले यिनले पहाडी क्षेत्रमा आफ्नो राज्य विस्तार गर्नुका साथै दक्षिणको मैदानी भू-भागमा पनि आफ्नो प्रभुत्व बढाएको बुझिन्छ । राज्य विस्तारको क्रममा यिनले दक्षिणमा गङ्गानदी, उत्तरमा हिमालय पर्वत, पूर्वमा ब्रह्मपुत्र नदी तथा पश्चिममा राप्ती नदी किनारसम्मको विशाल भूक्षेत्रलाई आफ्नो अधीनमा राख्न सफल भएको ऐतिहासिक दस्तावेजले बताउँछ । पाल्पा राज्यको यो विशाल क्षेत्रलाई तत्कालीन सेन राज्यका उत्तरवर्ती राजाहरूले आफ्नो कावुमा राख्न नसक्दा र सेनवंशी भाइभाइहरूमा राज्यको अंशवण्डा गर्ने प्रवृत्ति झाङ्गिदा विशाल पाल्पा राज्य क्रमशः विभाजित हुन पुग्यो । पछि नेपालका स-साना राज्यहरू तथा बाइसे, चौबीसे राज्यका क्षेत्राधिकारभित्र पाल्पा राज्यका अंशहरू पनि गाभिए । इतिहासको पछिल्तिरको कालखण्डमा विकसित नेपालको एकीकरण र शाहवंशीय राज्य प्रणाली तथा राणाहरूको शासन प्रणालीसम्म यसरी नै कायम रह्यो ।

पञ्चायती व्यवस्थाको शासन अवधिभित्र यो जिल्लाको भौगोलिक संरचनामा व्यापक परिवर्तन गरिएको पाइन्छ खासगरी उत्तरपूर्वतर्फ तनहूँ र पाल्पाबाटसमेत धेरै भूभागहरू गाभेर भौगोलिक संरचनालाई बृद्धि गरिएको प्रस्ट बुझिन्छ । जिल्लाको भौगोलिक संरचना बदलिएता पनि जिल्ला सदरमुकाम भने परासी बजारलाई कायम राखियो । सबै जिल्ला बासीहरूलाई पायक पार्ने कोसिस गरिएन । यद्यपि यसो गर्नुमा तत्कालीन जनप्रतिनिधिहरूको व्यक्तिगत तथा राजनैतिक स्वार्थ लुकेको थियो भन्ने भनाई पनि छ । त्यति बेलाका प्रतिनिधि तथा शासकहरू परासीबजार नजिकका थिए भन्ने अनुमान गर्न सकिन्छ । जिल्लाको भौगोलिक संरचनामा व्यापकता ल्याइएको तर जनतालाई सदरमुकाममा दिनुपर्ने सेवा सुविधाका बारेमा चासो नदिएको देखिन्छ । पूर्वी पहाड बुलिङटार, डेडगाँउ, डाडाझेरी तथा गैडाकोटसम्मका जनतालाई सानो तिनो कामका लागि सदरमुकाम जानुपर्दा ज्यादै टाढा र अपायक परेको समस्या तत्कालीन जिल्ला नेतृत्वले वास्ता नगरेको देखिन्छ । अन्ततः यसको समाधान खोज्न प्रजातन्त्रको पुनःस्थानासम्म पर्खिनु पऱ्यो । नवलपरासी जिल्लाका अधिकाँश नेताहरू पञ्चायत कालका हर्ताकर्ता र दरवारसम्म पहूँच भएका, अर्थमन्त्री, परराष्टमन्त्री तथा अन्य मन्त्रीसमेत भएका व्यक्तिहरू थिए । यिनीहरूमध्ये के.वि. शाही, मदनबहादर प्रधान, शुकदेव खत्री, यादवप्रसाद पन्त, रविन्द्रनाथ शर्मा आदिको नाम अग्रपङ्तिमा आउँछ । यिनीहरूको घरजग्गा तथा निर्वाचन क्षेत्र परासी सेरोफेरो नै भएको र सरकारमा पहुँच भएकोले परासी बजारबाट अनेत्र सदरमुकामलाई सार्न मान्दैनथे र दिँदैनथे । यद्यपी जिल्ला सदरमुकामलाई बिचक्षेत्रमा पार्ने भए बर्दघाट क्षेत्र उपयुक्त हुने थियो । र धेरै पटक प्रस्ताव पनि आएको हो तर, सर्न सकेन । यी विभिन्न कारणले पनि नवलपरासी जिल्लाको विभाजन हुन पुगेको बुझ्न सकिन्छ । वि.सं. २०४७ पछि मात्र बहुदलीय व्यवस्था पुनःस्थापना भएपछि राज्यको प्रशासनिक निकायका रूपमा नवलपरासी

पश्चिमलाई परासी सदरमुकाम केन्द्रित र नवलपरासी पूर्वलाई कावासोती मुकाम केन्द्रित गरी केही जनसरोकारका कार्यालयहरू इकाईको रूपमा थप गरी प्रशासनिक संरचनामा सहजता ल्याइयो । क्रमशः जनताको प्रत्यक्ष सरोकार राख्ने र अत्यावश्यक कार्यालयहरू ईकाईको रूपमा स्थापित भएका थिए । नेपालको संविधान २०७२ लागू भएपछि नवलपरासी जिल्लाको विभाजन भयो । पूर्वी नवलपरासीमा स्थापित सबै इकाई कार्यालयहरू स्वतः जिल्लास्तरीय कार्यालय बन्न पुग्यो ।

यसरी विकसित नवलपरासी जिल्ला महेन्द्र राजमार्गको निर्माण तथा औलो उन्मूलन तथा यातायात र स्वास्थ्यजस्ता महत्वपूर्ण कार्यहरूले गर्दा यस जिल्लामा क्रमशः आर्थिक तथा औद्योगिक विकासका नयाँ क्षितिजहरू अभ्युदय हुँदै गएका छन् । हाल यो जिल्ला अन्य जिल्लाको तुलनामा गण्डकी प्रदेशको नमुना जिल्लाको रूपमा देखिन आएको मानिन्छ । नयाँ जिल्लाको रूपमा उदाएको यो जिल्लाले नेपालका अन्य विभिन्न जिल्लाहरूले जस्तै आर्थिक विकासको मूल प्रवाहमा सक्रिय भूमिका खेल्न कोसिस गरिरहेको देखिन्छ । जिल्लामा औलो नियन्त्रण पूर्व, पश्चिम, उत्तर दक्षिण चारै तिर यातायातको विस्तार नयाँ बसोबास र शहरीकरणमा बृद्धि, कृषि तथा फलफूल उत्पादनमा आधुनिकीकरण, सुकुम्बासी समस्या समाधान गर्ने कार्यमा आयोगहरूको भूमिका, विभिन्न विकास योजना र बढ्दो नयाँ नयाँ बजारीकरण तथा पूर्व पश्चिम राजमार्गको यातायात सुविधा आदिले यहाँको परम्परागत आर्थिक, सामाजिक विषयमताहरू क्रमशः हट्दै गएको पाइन्छ । अहिले नवलपुर जिल्लाको बीच भागमा पर्ने कावासोतीलाई सदरमुकाम बनाइएको छ । कावासोतीमा जिल्लास्तरीय अधिकांश कार्यालयहरू स्थापित भै सकेका छन् । कतिपय कार्यालयहरू आफ्नै भवनमा सञ्चालित छन् । कतिपय कार्यालयहरूको भवन नयाँ मापदण्डअनुसार निर्माण भइरहेका छन् । आशा एवं विश्वास छ कि छोटो समयमा यो जिल्ला नेपालकै आर्थिक, सामाजिक, उद्योग, पर्यटन आदिको दृष्टिले नमुना जिल्लाको रूपमा स्थापित हुने छ ।

**वन-सम्पदा तथा हावापानी**

नेपालको भित्री मधेशअन्तर्गत पर्ने नवलपुर जिल्लामा महाभारत पर्वत र चुरे पर्वतले अवेष्टित हुँदै दक्षिणमा भित्री मधेश उत्तरमा पहाडी क्षेत्रसमेत रहेकाले यो जिल्ला प्राकृतिक सुन्दरताले विविधतापूर्ण जिल्ला मानिन्छ । पूरै जिल्ला समेट्ने गरी उत्तरतर्फ जंगलको हावा र दक्षिणतर्फ नारायणी नदीको वहावले ल्याउने चिसो हावाका कारण यहाँको हावापानी राम्रो मानिन्छ । गण्डकी प्रदेशका विभिन्न जिल्लाहरूमध्ये भित्री मधेश तथा पहाडी क्षेत्रसमेत रहेको यो जिल्लाको हावापानी तथा भौगोलिक वातावरण समेतमा विविधता पाइन्छ । यसको पूर्व भागमा उत्तरबाट पूर्व-पश्चिम लम्बिएर आएको महाभारत लेकको समानान्तर भई फैलिएको दाउन्ने डाँडा तथा दक्षिण-पूर्वतिर फैलिएको नारायणी नदीसम्म यस जिल्लाको फैलावट देखिन्छ । यहाँ समुद्रको सतहबाट घटीमा ३०० फिटदेखि बढीमा ६,३५० फिटसम्म उचाइ भएका भू-भागहरू पाइन्छन् । दक्षिणको भित्री मधेश क्षेत्रमा गर्मीयाममा अलि बढी गर्मी हुने र जाडोको याममा अलि बढी नै जाडो हुने तथा उत्तरतर्फको पहाडी क्षेत्रमा कहिल्यै गर्मी नहुने यहाँको विशेषता पनि हो । त्यसैले यहाँ समशितोष्णदेखि उष्ण सितोष्ण जलवायुको हावापानी पाइन्छ । वन-सम्पदाको दृष्टिले हेर्दा यो जिल्ला चितवन जिल्लासँग धेरै कुरामा समानता राख्दछ । वि.सं. २०३० सालभन्दा अगाडिसम्म यहाँ औलोको प्रकोप बढी थियो र मानिसहरू गर्मी लागेपछि पहाडतिर उक्लिन्थे र जाडो लागेपछि तराईतिर झर्दथे त्यसैले तबसम्म यहाँ बसाई सराईको चाप पनि थिएन तर नेपालमा नै औलोको उन्मुलन भएपछि अर्थात वि.सं. २०३०/२०३१ सालपछि यहाँको हावापानी तथा जनजीवन सरल र सुलभ बन्दै गयो ।

त्यसपछि पहाडबाट बसाई-सराई गरी आउने क्रम बढ्दै गयो । यातायत कृषि उब्जनी र खाद्यान्न सेवा र सुविधाको दृष्टिले यो जिल्ला आकर्षणको केन्द्र बन्दै गयो । यहाँको जलवायु सबैका लागि अनुकूल छ । यहाँ साल, सतीसाल, विजयसाल, सिसौ, असना, खयर, बकाइनो, आदिका रुखहरू भएको घना वन-जङ्गलहरू छन् । तर पहाडबाट झर्ने मानिसहरूको बढ्दो आवादी र वन फँडानी तथा पूर्व-पश्चिम राजमार्गको दायाँ-बायाँ नयाँ घर बसोबासको द्रूततर गतिमा भएको वृद्धिले गर्दा यहाँको वन-जङ्गलको घनत्वमा भने धक्का पुग्दै आएको

पाइन्छ । धेरै वनजङ्गलहरू फडानी गरी नयाँनयाँ वस्तीहरू बसाइए पनि यहाँ अझै धेरै वनजङ्गलहरू छन् र यहाँको वनसम्पदा उदाहरणीय र प्रशंसानीय छन् । राकाचुली, धुर्कोट देउराली, हुप्सेकोट, डाँडाफ्केरी, देवचुली, बढचुली, मौलाकाली आदि उत्तरतर्फका जङ्गलहरूमा फूल्ने सेता र राता लालिगुरासको फूलहरूले पर्यटनहरूलाई लोभ्याइरहेको देखिन्छ । हावाबाटै बिजुली निकालेर विद्युतीय सुविधा लिई उज्यालो गाँउ पनि यस क्षेत्रकाले बनाई रहेका छन् । यहाँको वनमा काठ दाउरामात्र नभई च्याउको स्वाद पनि लिन सकिन्छ । दक्षिततर्फको जङ्गलमा गैडा तथा उत्तर दक्षिण दुवैतर्फको जङ्गलमा बाघ, भालु, चितुवा, चित्तल, घोरल, मृग, बदेल आदि बस्दछन् र त्यो दृश्य मनोरम लाग्दछ । यहाँका जङ्गलमा मयुर, कालिज, वनकुखुरा देखि अन्य विभिन्न किसिमका चारचुरुङ्गीहरू पाइन्छन् । यहाँको वनमा हुर्की रहेका जनवार तथा चराचुरुङ्गीहरू सबैको संरक्षण गर्नु आवश्यक छ ।

## धार्मिक-सम्पदा र पर्यटन विकास

नवलपुर जिल्लामा धेरै धार्मिक सम्पदा र पर्यटनको दृष्टिले रमणीय गाउँ तथा पर्यटकीय स्थलहरू छन् । यहाँ भएका धार्मिक तथा ऐतिहासिक सम्पदाहरूको प्रचारप्रसारको कमिले गर्दा अझै नवलपुरको पर्यटन विकासमा उजागर हुन सकेको छैन । धार्मिक सम्पदा तथा पर्यटन विकासको हिसाबले यो जिल्ला अत्यन्त आकर्षक केन्द्रको रूपमा परिचित छ । यहाँ धेरै प्राचीन र ऐतिहासिक धार्मिक सम्पदाहरू छन् । कतिपयको उजागर भएको छ भने कतिपय धार्मिक स्थलहरू प्रचार प्रसारको अभावले गर्दा ओझेलमै छन् । यहाँ मौलाकालिका मन्दिर, डाँडाकालिका, थारु भिलेज, दाउन्नेदेवी मन्दिर, त्रिवेणीधाम भैसालोटन, बाल्मिकी आश्रम, गजगराह क्षेत्र शाश्वतधाम-दुम्कौली, दुर्गादेवी मन्दिर चौरंगी फूलबारी, डेडगाउँ देवी मन्दिर, हनुमान मन्दिर, शिवपुरगढी, रूद्रपुरगढी, बर्दगोरियाकुटी, अकलादेवी मन्दिर, मदानधान, घुमाउरीघाट, कैलाश आश्रम, देवघाट, लोहासे धारा शिवालय मन्दिर, देवचुली, कुमारवर्ती माई आदि तीर्थस्थल/वन देवस्थलहरू प्रसिद्ध छन् । यी सबै धार्मिक सम्पदाहरूको स्तरउन्नति गरेर पर्यटकहरूलाई आकर्षित पार्दै पर्यटन विकासलाई उजागर गर्न र आर्थिक उपलब्धि हासिल गर्न सकिन्छ ।

यो जिल्लाको धार्मिक सम्पदाहरूमा पर्यटनको विकास गर्न सके जिल्ला र देशलाई नै आर्थिक रूपमा समुन्नत बनाउन सकिन्छ । सांस्कृतिक सम्पदाको सन्दर्भमा पनि यो जिल्ला अगाडि नै छ । विविध समाजमा विद्यमान सामाजिक परिवेशलाई पर्यटनले सामाजिक अन्तरसम्बन्धको भावनालाई मजवुद गर्दछ । विभिन्न पुरातात्विक ऐतिहासिक र सांस्कृतिक क्रियाकलाप तथा गतिविधिहरू नै पर्यटनको विषय र क्षेत्रभित्र पर्दछन् । थारु जातिको सस्कार र खानपान, मगर जातिको सस्कार र खानपान तथा अन्य जातिको सस्कार यही भित्र देख्न र मनोरञ्जन लिन पाइन्छ । यिनै क्षेत्रअन्तर्गत पर्ने विभिन्न भवन, स्मारक, संग्राहालय, कला, नृत्य, सङ्गीत, जात्रा, पर्व आदि विषयहरू नै पर्यटनअन्तर्गत पर्दछन् । यस जिल्लालाई उत्तरतर्फ काली गण्डकी तथा पूर्व र दक्षिणतर्फ नारायणी नदीले परिवेष्टित गरेको छ । यी नदी-किनारका बस्तीहरूमा थारु, मुसहर, माझी, बोटे आदि जनजातिहरूको पुरानो बसोबास छ । यिनीहरूको सामाजिक सांस्कृतिक रहन-सहन पनि विदेशी तथा स्वदेशी पाहुनाहरूका लागि आकर्षणको केन्द्र बन्न सक्छ । यसरी यहाँ विविध सांस्कृतिक, धार्मिक, साम्प्रदायिक सद्भाव रहेकोले पनि यो जिल्लाको धार्मिक सम्पदा, ऐतिहासिक महत्वका स्थालहरू र धार्मिक पर्यटनको विकासलाई धेरै सम्भावना भएको मान्न सकिन्छ ।

बुटवल नारायणगढ खण्ड छ लेनको सडक बन्दै छ भने धार्मिक पर्यटन, आर्थिक पर्यटन, कृषि पर्यटन, समाजिक तथा साँस्कृतिक पर्यटनको सम्भावना यो जिल्लाले बोकेको छ । पूर्वको गैडाकोटदेखि पश्चिमको त्रिवेणी भैसालोटनसम्म नारायणी नदी किनारै किनार सडक सञ्जालले जोड्ने प्रयास भइरहेको छ । नाराणी नदीमा बोटिङ गराएर र गैडाकोटदेखि त्रिवेणीसम्म मनोरञ्जन गराउन सकिन्छ । यसले भारतसँगको व्यापार र अन्य सहयोग आदान प्रदानमा महत्वपूर्ण योगदान गर्ने छ । चौधरी उद्योग, गोरखा ब्रुअरीदेखि सुन खानी, पित्तल खानी, ढुङ्गा खानी, तामा खानी यहाँका पहिचान हुन् । यिनीहरूको उत्खनन् अत्यन्त जरुरी छ । थारु, मगर तथा कुमाल

समुदायले सञ्चालन गरेको होम स्टे कार्यक्रम र त्यहाँ पाहुनालाई खुवाउने स्थानीय भोजन माछा, घुँगी, च्याउ र हाँसको छौइला आदिले जो कोहीको पनि मन लोभ्याउछ । यहाँको केरा खेती, कागती, मेवा, तोरी, धान र दाल महत्पूर्ण बाली मानिन्छन् । यहाँ उब्जने खास गरी यहाँको होमस्टे संचालन, नगदेबालीको खेती तथा भानसामा महिलाहरूको भूमिका अत्यन्त महत्वपूर्ण भएकोले पर्यटनको विकासको भविष्य उज्ज्वल देखिन्छ । नगदे बाली कतिपय महिलाहरूको आयआर्जन र घर खर्च चलाउंने मुख्या स्रोत बनेको देखिन्छ ।

## कृषि तथा वन पैदावर

कृषि उत्पादन तथा वन पैदावारको दृष्टिले यो जिल्ला अग्र स्थानमा छ । धान, मकै, गहुँ, तोरी, मास, भटमासको अलावा मेवा, केराखेती आदि नगदे बालीका कारण यस जिल्लाले बेग्लै पहिचान बनाएको छ । फलफूल तथा तोरी, धान, गहुँ यहाँबाट धेरै मात्रामा बाहिर निकासी हुन्छ । विभिन्न किसिमका तरकारीहरू, कागती, च्याउ (मसरुम), आलु यहाँको राम्रो उत्पादन र आयस्रोत बनेको छ । जिल्लाभित्रका धेरै कृषि क्षेत्र यसले ओगटेको छ । जिल्लाको जङ्गल क्षेत्रमा सालको जङगल ज्यादै घना छ र ठूला रुख जङगलहरूका लागि यो क्षेत्र प्रसिद्ध रहेको छ । धेरै पहिले यहाँ टिम्बर कार्पोरेशनको कार्यालय थियो र यसले काठ पैठारी गर्दथ्यो । पहाडबाट स्थानान्तरित भई आएका नयाँबस्ती र बसोबासले फाँडिएको जङ्गलका रुखहरू काटिदै जाँदा यहाँको हरियो जङ्गलको पहिचान गुम्न थालेको आभास भएको छ । यहाँ सिमल, कर्मा र सालका विभिन्न वन जङ्गलहरू छन् । यिनीहरूको बिक्री वितरण तथा निकासीले पनि यहाँको आर्थिक उन्नतिमा टेवा पुऱ्याउन सक्छ । यसै गरी यहाँ विभिन्न प्रजातिका चरा-चुरुङगीहरू, गैँडा, बाघ, चितुवा, बँदेल, मृग, घोरलहरू, फ्याउरो, स्याल, लोखर्के जस्ता वन्यजन्तुहरू पाइन्छन् । यस जिल्लाको नारायणी नदी र अन्य नदी किनारहरूमा गोही, गोंजसांज, अजिङ्गरजस्ता जीव जन्तुहरू र महासेर, असला माछा तथा अन्य विभिन्न प्रजातिका माछाहरू पनि पाइन्छन् । स्थानीय जनताहरूको आय-स्रोतको मुख्य पेशा माछा मार्ने र बिक्री गर्ने रहेको छ । यसरी यहाँ उत्पादन हुने कृषिजन्य वस्तुहरू यो जिल्लामा भएका पहाड र भित्री मधेशका बाक्लो वन जङ्गलहरू तथा यहाँ पाइने जङ्गली जनावरहरू चराचुरुङ्गीहरूले पनि यो जिल्लाको आफ्नै र मौलिक पहिचान बनाएको छ । नवलपूर जिल्लाभित्रको आवश्यकता पूरा गरी देशकै आर्थिब मेरुदण्ड बन्न सक्ने यहाँको कृषि तथा वन पैदावार बारे जान्न बुझ्न अध्ययन अनुसन्धान गर्न तथा मनोरञ्जनका लागि पनि जो कोही अनुसन्धानकर्तालाई यो जिल्ला एउटा महत्वपूर्ण गन्तव्य बन्न सक्छ । अहिले पनि हाँसको छोयला, नारायणीको माछा, जङ्गली बदेलको मासु खान टाढाटाढाबाट यस क्षेत्रमा स्वदेशी पर्यटक हरू आँउछन् । यसलाई अझबढी उजागर र प्रचारप्रसार गर्नुपर्ने भएको छ ।

## उद्योग तथा व्यवसाय

नवलपरासी पूर्व जिल्लामा धेरै किसिमका साना ठूला उद्योगहरू सञ्चालित छन् भने कृषि व्यवसाय नै मुख्य रूपमा रहेको छ । यस जिल्लामा सञ्चालित श्री डिस्टीलरी, गोर्खाब्रुअरी र भृकुटी कागज-कारखाना पुरानो उद्योगमा पर्दछन् भने चौधरी ग्रूपका विभिन्न उद्योगहरू, यसै जिल्लामा सञ्चालित छन् । यसबाहेक खाँडसारी, चिनी कारखाना, साना ठूला घरेलु उद्योगहरू, चौधरी उद्योग, पल्प उद्योग, गोर्खा ब्रुअरी, ईंटा भट्टा कारखानाहरू तथा एसियाकै सबैभन्दा ठूलो हौङ्सी सिमेन्ट उद्योगजस्ता धेरै कल कारखानाहरू यो जिल्लामा सञ्चालित छन् । यहाँ माछापालन, कुखुरापालन, दुग्ध व्यवसाय, बाखापालन, अन्य मासुजन्य साना ठूला उद्योग-व्यवसायहरू पनि पहाडदेखि नदी किनारसम्ममा जिल्लाका धेरै स्थानहरूमा सञ्चालित छन् । पर्यटकहरूलाई आकर्षित गर्न र उनीहरूको आवासका निम्ति थारु भिलेज कोल्हुवा कुमारवर्ती तथा कुमाल होमस्टे प्रसौनी भ्याङकट्टाको मिडप्वाइन्ट रिसोर्ट, शिशा होटल चौरगी भगरा, प्रतिक्षा होटल चौरंगी, भेटघाट होटेल चोरमारा, फूलमुन होटल, तनहूँ होटल, बिल्यू हेभेन होटल, कावासोती, स्वर्गद्धारी होटल डण्डा, स्वस्तिका होटल, मौलाकालीका होटलजस्ता अन्य धेरै होटल व्यवसायहरू पनि सञ्चालनमा रहेका छन् । यहाँको धान, गहूँ, तोरी, मुसुरो, मेवा र केरा नमुना खाद्य व्यवसायको रूपमा लिने गरिन्छ त्यसैले पनि यहाँको हरेक उत्पादनलाई यातायातको सुविधा भएको कारणले गर्दा नेपालका पूर्व मेचीदेखि पश्चिम महाकालिका सबै स्थानमा पुऱ्याइन्छ भने भारतका विभिन्न शहरहरूमा पनि

लगिन्छन् । यो जिल्लाको अर्को महत्वपूर्ण विशेषता भनेको सातामा प्रत्येक दिन दुम्कीवासदेखि भेडावारीसम्म साप्ताहिक बजार लाग्दछन् । स्थानीय उत्पादनदेखि बाहिरबाट आएका ल्याइएका सामानहरू खरिद बिक्री हुने गर्दछन् । नेपालको मध्य भागमा पर्ने यस जिल्लालाई यातायातका दृष्टिले पूर्व-पश्चिम राजमार्गले मेचीदेखी महाकालीसम्मलाई जोडेको छ भने, यसका अन्य शाखामार्गले उत्तर-दक्षिणका अन्य जिल्लालाई पनि समेटेको छ । यहाँ उत्पादित सिमेन्टले मेची महाकाली मात्र नभई बङ्गलादेश र भारतका विभिन्न शहरहरूसमेत बजार पाएको छ भने, अन्य चिनी, मदिरा, वियर, चाउचाउ, खाद्य प्याकेटहरू, केरा, मेवा, मासु, माछा आदिले पूर्व पश्चिम सबैतिर बजार लिएको पाइन्छ । स्थानीय उत्पादन र यहाँको होटल, रिर्सोटको बसाई खवाईले कुनै पनि आन्तरिक तथा वाह्य पर्यटक पुनः दोहोरिएर आउने र मनोरञ्जन गर्ने भएकोले पनि यहाँको सबै खाले उद्योग व्यवसाय प्रशंसा र उल्लेख गर्न उपयुक्त हुने देखिन्छ ।

## राजनैतिक चेतना र सामाजिक विकास

राजनैतिक चेतनाका दृष्टिले यहाँका जनताहरू बहुदलीय प्रजातान्त्रिक शासन व्यवस्थालाई अभिरुचिपूर्वक अँगाल्ने गरेको पाइन्छ । यस जिल्लामा राणा शासन बेहोरेका तथा राणाहरूको निरङ्कुशताविरुद्ध लडेका राजनैतिक व्यक्तिहरू धेरै छन् । पञ्चायतकालमा पनि यो जिल्लामा राष्ट्रियस्तरका नेताहरूले प्रतिनिधित्व गरेका थिए । यस क्रममा यस जिल्ला क्षेत्रमा बसोबास गर्ने जनताहरूले वि.सं. २००७ को राणा विरोधी आन्दोलनमा सक्रिय सहभागिता जनाएका थिए भने २०१५ सालको आम निर्वाचनमा सहज रूपमा भाग लिएका थिए । यसैगरी २०३६ सालको जनमत सङ्ग्रह हुनुभन्दा अगाडिको आन्दोलनमा यहाँका नेता कार्यकर्ताहरूले जेल नेल नै भोग्नु परेको थियो । वि.सं. २०४६ सालको निरङ्कुश पञ्चायतविरुद्धको प्रजातान्त्रिक आन्दोलनमा यस जिल्लाबाट धेरै नेताहरूले जेल जीवन बिताएको इतिहास साक्षी छ । यो जिल्लामा नेपाली कांग्रेस र नेकपा एमालेका समर्थक नेताहरू राजनीतिमा सक्रिय छन् । त्यसपछि भएको पछिल्लो २०६२/०६३ को जनआन्दोलनमा सक्रिय सहभागिता जनाउन पनि उनीहरू पछि हटेनन् । यि विभिन्न घटनाक्रम र दृष्टिले नवलपुरका जनताहरूको राजनैतिक चेतना र सहभागिता उच्च र प्रखर रहेको पाइन्छ । समाज सेवाको माध्यमबाट देश र जनताको सेवा गर्नु तथा जनताहरूलाई सुसूचित गराउनु पनि राजनैतिक सेवा हो ।

यो जिल्लामा राणाविरोधी आन्दोलनदेखि २००७, २०१५, २०१८, २०३६, २०४२, २०४६ सम्मका आन्दोलनहरू निरन्तर रूपमा सक्रिय सहभागी भएका धेरै नेताहरू थिए । तीमध्ये सूर्यभक्त अधिकारी, ऋषि कोइराला आदिको नाम अग्रपंक्तिमा आउँछ । नवलपुर जिल्लामा प्रतिबन्धित कालमा अर्थात ३० वर्षे पञ्चायती शासनकालमा प्रजातन्त्रवादी र वामपन्थी अर्थात नेपाली कांग्रेस र नेकपा मालेका नेताहरूले पञ्चायती शासनको ज्यादतीका विरद्ध भएका सबै खाले आन्दोलनहरूमा जेलनेल तथा संयुक्त तथा पार्टीगत रूपमा सक्रिय सहभागिता जनाएका पाइन्छन् । यिनीहरूमध्ये ऋषि कोइराला, सूर्यभक्त अधिकारी, तिलक सापकोटा, हरि रिजाल, दुलारे महत्तो, दामोदर बस्ताकोटी, सत्यनारायण खनाल, हरिराज शर्मा, हेमराज कोइराला, कृष्ण चन्द्र नेपाली, दण्डपाणी तिवारी, प्रेमनारायण पाठक, ऐन कुमारी भण्डारी, पूर्णचनद्र नोपल, दुर्गादेवी भट्टराई, सुमित्रा खनाल, भानु सिग्देल, अर्जुन सिग्देल, तारापति वाग्ले, मणिरत्न वाग्ले, छन्नुराम महत्तो, थानेश्वर भुसाल, लिलामणि अधिकारी, थानेश्वर पोखरेल, ज्ञानेन्द्र पौड्याल, समर बहादुर मल्ल, ईश्वरी पाण्डे, चन्द्रमणि खराल, विष्णुप्रसाद पाण्डे, चक्रापाणी पाण्डे, पदमराज लम्साल, मेघराज पाण्डे, जीवन श्रेष्ठ, डम्बर जी.सी., राम खड्का, भुवन बस्याल, राजकुमार कँडेल, टिकाराम न्यौपाने, ऋषिराम शर्मा, रिमप्रसाद सापकोटा आदिको नाम अग्रपंक्तिमा राख्न सकिन्छ । माथि उल्लेखित सबै महानुभावहरूले प्रजातन्त्र पुर्नस्थापनाका लागि ठूलो संघर्ष र बलिदान दिनु भएको छ । यस बाहेक जिल्ला भित्र अन्य धेरै व्यक्तित्वहरू पनि जिल्ला भित्र छन् जसले प्रजातन्त्रको पुर्नस्थापनामा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए ।

यसरी नेपालको प्रजातान्त्रिक आन्दोलनमा सक्रिय योगदान पुऱ्याएका योद्धाहरू कतिपयको स्वर्गारोहण भैसकेको छ भने कतिपयले अहिले पनि अवसरको प्रतिक्षा गरिरहेका र कतिपयले समाज सेवा गरिरहेका पाइन्छन्

। स्मरण योग्य के छ भने हाल जिल्ला स्थानीय, प्रदेश तथा संघीय स्तरमा निर्वाचित जनप्रतिनिधिहरू माथि उल्लेख गरिएका प्रतिबन्धित कालमा दुःख गरेका, जेलनेल भोगेकाहरूले अवसर पाएका छैनन् । माथिको लिष्टमा नपरेका व्यक्तिहरूले नै विभिन्न तहका सरकारहरू चलाइरहेका छन् । नवलपुर जिल्लामा राजनैतिक चेतना फैलाउन र विकास निर्माणको खाका कोर्न माथि उल्लेखित व्यक्तित्वहरूको प्रत्येक वा अप्रत्यक्ष रूपमा भूमिका रहेको छ इतिहासमा यी सबै नाम अविस्मरणीय रहनेछन् । अब माथि उल्लेखित राज नेता तथा राजनीतिकर्मी योद्धाहरूको नाम इतिहासमा मात्र पढ्न र लेख्न पाइन्छ । उनीहरूको नाम इतिहासमै सीमित हुनेछ । किनभने अबत जुनसुकै पार्टीमा चोट्टाहरू, दलालहरू, नयाँ नयाँ बनावटीहरू हावी हुँदै गईसकेका छन् भने प्रजातन्त्र पुर्नस्थापनामा जेलनेल भोगेकाहरू अल्पमतमा परेर थन्किएर बसेका पाइन्छन् । नेतृत्वले पनि यिनै चोट्टा दलालहरूकै कुरा सुनेर काम गरिरहेको देखिन्छ । जबसम्म यो प्रवृत्तिमा सुधार हुँदै तबसम्म देश उभो लाग्दैन । त्यसैले भनिएको छ नि व्यवस्थामा सुधार आयोजनाको अवस्थामा सुधार आउन सकेन ।

## शिक्षा, स्वास्थ्य, संचार र विकास

शैक्षिक जागरणका हिसाबले यस जिल्लामा प्राथमिक तहदेखि उच्च मा.वि. तहसम्म करिब ६,६८ वटाभन्दा बढी सामुदायिक तथा आवासीय विद्यालयहरू सञ्चालित छन् । उच्च शिक्षातर्फको पठनपाठन हुने सूर्यभक्त पतनादेवी मेमोरियल कलेज, मध्यवर्ती क्याम्पस, जनक क्याम्पस, क्याम्पस तथा महाविद्यालयहरू करिब २२ वटाभन्दा बढी रहेका छन् । यहाँ त्रिभुवन विश्वविद्यालयबाट, कुमारवर्ती क्याम्पस, मध्यविन्दु क्याम्पस, नवजागरण क्याम्पस, सर्दी क्याम्पस, कोल्हुवा क्याम्पस, मुकुन्दसेन क्याम्पस, आरुङ्खोला क्याम्पस, भानुदय क्याम्पस, दुम्कीबास आदि छन् । लुम्बिनी क्याम्पस, कावासोती, पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पस हो भने नेपाल संस्कृत विश्वविद्यालयको एक मात्र आङ्गिक क्याम्पसको रूपमा कालिका विद्यापिठ गैडाकोटमा सञ्चालित छ । पोखरा विश्वविद्यालयबाट गैंडाकोटमा अक्सफार्ड कलेज सञ्चालित छ । यसरी यी विभिन्न विद्यालय तथा कलेजहरूमै हजारौं विद्यार्थीहरूले उच्च शिक्षा आर्जन गर्दै आएका पाइन्छन् । नेपालमा सानो जिल्ला भइकन पनि धेरै स्कुल, कलेज संचालन भएको जिल्लाको रूपमा नवलपुरलाई लिन सकिन्छ । यस जिल्लामा धेरै वौद्धिक व्यक्तित्वहरू छन् जसले जिल्लाको शैक्षिक क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आफ्नै जिल्ला र अन्यन्त्र विभिन्न स्थानमा सेवा गरेर जिल्लाको शैक्षिक क्षेत्रमा सेवा गरेर जिल्लामो नाम राखी दिएका छन् । यसबाट पनि यहाँका जनताहरूमा शिक्षाप्रतिको चासो तथा राजनैतिक चेतना र सहभागिता उत्साहपूर्वक रहेको देख्न सकिन्छ । यसैगरी स्वास्थ्य सेवातर्फ निजी, सामुदायिक तथा सरकारी गरी विभिन्न अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य-चौकी, तथा उपस्वास्थ्य चौकीहरू विभिन्न गाउँपालिका तथा नगरपालिकाहरूमा गरी करिब २६ वटाभन्दा बढी सञ्चालनमा रहेका पाइन्छन् ।

नेपालको राष्ट्रियस्तरको प्राकृतिक तथा आयुर्वेदिक चिकित्सालय देवचुली न.पा.को रजहरमा संचालित छ । आयुर्वेदिक स्वास्थ्यको क्षेत्रमा जिल्लाका बद्री कोइरालाको नाम अग्रस्थानमा लिन सकिन्छ । यो जिल्लाका अधिकांश सबै गाउँ-क्षेत्रहरूमा विद्युतीकरण सेवा उपलब्ध छ । आर्थिक कारोवार तथा व्यवसाय सञ्चालनका लागि जिल्ला सदरमुकामदेखि प्रत्येक नगरपालिका र गाउँपालिकासम्म सरकारी र निजी स्तरका बैङ्कहरू तथा अन्य वित्तीय सङ्घ संस्थाहरू यत्रतत्र छरिएर सञ्चालन भइरहेका छन् । सूचना, सञ्चार तथा प्रविधि प्रशासणका निमित यहाँका अधिकांश गाउँवस्तीहरूमा केबुल नेटवर्क, स्थानीय एफ.एम. तथा स्थानीय टेलिभिजन, मोबाइल तथा टेलिफोन सेवा उपलब्ध छन् । यसरी सबै खाले सेवा सुविधा शिक्षा स्वास्थ्य र विकासको दृष्टिले पनि यो जिल्ला नमुनाको रूपमा रहेको छ भन्दा अत्युक्ति नहोला । यो जिल्लाबाट बढिमा ४ घण्टामा गण्डकी प्रदेशको सदरमुकाम पोखरामा ५ घण्टामा सङ्घीय राजधानी काठमाडौंमा र ३ घण्टामा भारतको नाका त्रिवेणी भैसालोटन तथा पूर्वको ठोरीमा पुग्न सकिन्छ । यसरी यातायातको दृष्टिले पनि यो जिल्ला नेपालको मध्य भागमा भएकोले सुगम र सहज जिल्ला मानिन्छ । यस जिल्लामा विशेष गरी दक्षिणतर्फ बसोबास गर्ने थारु जातिको आफ्नै मौलिक संस्कृति र परम्परा छ भने, उत्तरतर्फ बस्ने मगर जातिहरूको छुट्टै संस्कृति र परम्पराहरू रहेको पाइन्छ । यिनीहरूले मनाउने सांस्कृतिक चाडपर्वहरूको छुट्टै आकर्षण र नवीन मौलिक पहिचान पनि रहेको पाइन्छ ।

### स्थानीय तह र निर्वाचित प्रतिनिधित्व

नेपालको संविधान २०७२ का अनुसार नवलपसारी पूर्व अर्थात् नवलपुर जिल्लामा स्थानीय तह अन्तर्गत जम्मा ८ वटा पालिकाहरू रहेका छन् । जसमध्ये मध्यबिन्दु नगरपालिका, कावासोती नगरपालिका देवचुली नगरपालिका र गैंडाकोट नगरपालिका गरी चार वटा नगरपालिका हरू छन् भने, हुप्सेकोट गाँउपालिका, विनयी त्रिवेणी गाँउपालिका, बुलिङ्गटार गाँउपालिका र बुङ्दीकाली गाँउ पालिका गरी ४ वटा गाउँपालिकाहरू रहेका छन् । यी सबै नगर र गाँउ पालिकाहरूमा नेपालका मुख्य ठूला दल नेपाली काङ्ग्रेस र नेपाल कम्युनिष्ट पार्टी एमालेका समर्थक प्रतिनिधिहरू वडादेखि माथिसम्म नै निर्वाचित छन् । यसरी यो जिल्लामा सङ्घीय सरकार तथा प्रदेश सरकारका अलावा स्थानीय सरकारहरूले आ-आफ्नो क्षमताअनुसार जिल्लाको समग्र विकास निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको पाइन्छ । २ वटा सङ्घीय निर्वाचन क्षेत्र रहेको नवलपुर जिल्लामा केन्द्रीय तथा सङ्घीय संसदमध्ये प्रतिनिधि सभामा दुई वटा निर्वाचन क्षेत्रबाट निर्वाचनबाट १/१ जना जनप्रतिनिधि छन भने र समानुपातिकबाट १ जना गरी ३ जना सभासद् छन् । यसैगरी गण्डकी प्रदेश सभामा २/२ गरी ४ जना सभासद छन् जसमध्ये निर्वाचनबाट नेपाली काङ्ग्रेस पार्टी र नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को ५०/५० प्रतिशत प्रतिनिधित्व रहेको छ । प्रतिनिधिसभामा भने प्रत्यक्ष निर्वाचनबाट ने.का.को तर्फबाट २ जना सभासद् बढी रहेका छन् । अन्य पार्टीका उम्मेदवारहरूको प्रतिनिधित्व यस जिल्लामा निर्वाचनबाट हुन सकेको छैन भने, जिल्लाको समग्र उन्नति र प्रगतीका लागि सहमति र सहकार्य भने सबै पार्टीका प्रतिनिधिहरू संलग्न भई विकास निर्माण र जनजीविकाको सवालमा एकजुट रहेको देखिन्छन् । वि.सं. २०७९ को स्थानीय निर्वाचनपछि यस जिल्लामा स्थानीय तहमा नेकपा एमालेका प्रतिनिधिहरूले धेरै स्थानमा विजयी हासिल गरेका छन् भने संघीय निर्वाचनमा नेपाली कांग्रेसका प्रतिनिधि धेरै निर्वाचित छन् ।

### निष्कर्ष

नेपालका विभिन्न जिल्लाहरूमध्ये गण्डकी प्रदेशअन्तर्गत पर्ने नवलपुर पूर्व जिल्ला विकास र समृद्धिका दृष्टिले धेरै सम्भावनाहरू बोकेको नयाँ जिल्लाको रूपमा परिचित छ । महाभारत पर्वत, चुरे पर्वत पहाड र समथर भित्री मधेशका भूमिहरूले यो जिल्ला परिवेष्ठित छ । विविध जङ्गल, वन-बुट्यान, नदीनाला, वनस्पति, जडीबुटीयुक्त यस जिल्लामा जङ्गली जनावरसमेत रहेकोले यहाँ जैविक विविधताको सौन्दर्यता पाइन्छ । जलवायुका हिसाबले पनि यो जिल्ला समशितोष्ण छ । यहाँको माटो अत्यन्त उर्वर हुनाले कृषि उत्पादकत्व पनि अन्य जिल्लाका तुलनामा बढी नै रहेको पाइन्छ । यहाँको भित्री मधेश क्षेत्रमा तोरी, धान, दाल, प्रशस्त मात्रमा उब्जनी हुन्छ भने पहाड क्षेत्रमा सुनखानी, तामाखानी, पित्तलखानी तथा ढुङ्गाखानीहरू प्रसस्त छन् । यी सबै खानीहरूको खोजी हुनु जरुरी छ भने, खानी अन्वेषणको लागि तीन वटै तहका सरकारहरूको ध्यान आकृष्ट हुन सख्त खाँचो रहेको छ । नेपाल सरकार तथा खानी अन्वेषण विभागको अझबढी ध्यान जानु जरुरी देखिन्छ । नवलपुर जिल्लाको पूर्व-पश्चिम राजमार्गले लामो दुरीको यातायातलाई सघाएको छ भने महाभारत पर्वत श्रृङ्खलाका विविध उच्च पहाडी टाकुराहरूका मनोमोहक प्राकृतिक दृश्यहरूले यो जिल्लाको स्वरूपलाई अझ बढी सजाएको देखिन्छ । महेन्द्र राजमार्गको बुटवल नारायणगढ खण्डअन्तर्गत पर्ने यस जिल्लामा पनि ६ लेनको राजमार्ग विस्तार भइरहेको छ भने उत्तरदक्षिणका सडकहरूलाई ढलान सहित पिच कालोपत्रे गर्ने कार्यले तीव्रता पाइरहेको छ । सडकको सहजताले पनि यहाँको व्यापार, शिक्षा, स्वास्थ्य जस्ता विकासमा सरलता ल्याएको मानिन्छ । होचा र अग्ला पहाडी टाकुराबाट तल्लो समथर भू-भागलाई नियाल्दा जति रमणीय दृश्यहरू देख्न सकिन्छ त्यति नै नारायणी नदीको वहाव र सरलता अझै मनोरम र आनन्ददायी दृश्य रहेकोले जो केही को मन प्रफुल्ल हुन्छ । उज्वल भविष्य बोकेको नमूना जिल्लाको रूपमा धेरै सम्भावना र नयाँ संरचनासहित यो जिल्ला देखापर्दैछ । आर्थिक तथा पर्यटनको क्षेत्रमा यसका धेरै सम्भावनाहरू विकसित छन् । जिल्लाका विभिन्न स्थानहरूमा युवाहरूको विदेश पलायनले श्रमिक तथा ज्याला मजदुरी गर्ने सक्षम व्यक्तिको अभाव हुन थालेपछि

जग्गाहरूमा खेती गर्न नसकेर विभिन्न जातका रुखहरू रोपेर हुर्काएर काठ दाउराको रूपमा बिक्री गर्ने प्रचलन बढ्दै गएको छ । फर्निचर निर्माण तथा इटा भट्टामा यी काठ दाउरा बिक्री गरेर आर्थिक उपार्जनको अर्को थप स्रोत बनेको पाइन्छ ।

त्यसैले शिक्षा, स्वास्थ्य, सञ्चार, उद्योग, व्यवसाय तथा राजनीतिक-सामाजिक आदि अधिकांश क्षेत्रमा यो जिल्ला अन्य जिल्लाको तुलनामा अग्रणी मानिन्छ । यो जिल्लाको पूर्वमा गैंडाकोटदेखि नारायणी नदी किनार हुँदै पश्चिमतर्फ त्रिवेणी बजारसम्म जोड्ने वैकल्पिक बाटो नारायणी करिडोर सडक निर्माण गर्नुपर्ने अत्यावश्यक देखिन्छ  जसले भारतसँग जोड्ने काम गर्छ भने नवलपुरको प्रगती नगर, दलदलेदेखि बुलिङ्गटार हुँदै प्रदेश राजधानी कास्कीको पोखरा जोड्ने उत्तर दक्षिण मार्गलाई जतिसके छिटो निर्माण सम्पन्न गर्न सके व्यापारिक, तथा पर्यटनको दृष्टिले अति उपयोगी हुने बहुआयामिक मार्ग बन्न सक्ने बुझिन्छ । अर्कोतर्फ नारायणी नदीले प्रत्येक वर्ष जमिन कटान गरी क्षति पुऱ्याइ रहेको र नदी किनारका बस्तीहरूमा खतरा बढ्दै गएकोले दीर्घकालिन रूपमासमेत प्रभाव पार्ने गरी योजनावद्ध रूपमा नारायणी नदीमा तटबन्धनको व्यवस्था गर्नुपर्ने भएको छ । त्यस क्षेत्रको उर्वर जमिनहरूको संरक्षण गर्नुपर्ने अति आवश्यक भएकोले यतातर्फ पनि सम्बन्धित निकायको ध्यान जानु जरुरी देखिन्छ । यसबाहेक यहाँका नदीहरूलाई तटबन्धन गरी नियन्त्रण गर्न सके धेरै उब्जाउ जमिनहरू सुरक्षित हुने तथा उद्योग, व्यवसायहरू पनि संरक्षित हुने मानिन्छ । खासगरी गिरवारी खोला, आरुङ्गखोला, झहरीखोला, डण्डाखोला, कावासोती खोला जस्ता धेरै खोलाहरूको दुवैतर्फ तटबन्धन गरी कृषि योग्य भूमिको संरक्षण गर्न सके कृषि क्षेत्रमा धेरै विकास हुन सक्छ । यसरी यी विभिन्न समस्याहरूको समाधान गर्न सके बेरोजगारी पनि न्यून हुँदै जाने रोजगारीको अवसरहरू बढ्दै जान सक्ने देखिन्छ । यहाँ विविध जनजातिहरूको सद्भावपूर्ण सामाजिक बसोबासका साथै धर्म र संस्कृतिसमेतमा विभिन्न सम्प्रदायहरूका बीच समन्वय रहेको पाइन्छ । समग्रमा यो जिल्लाको भौगोलिक बनावट, ऐतिहासिक तथा प्रशासनिक संरचना, वनसम्पदा तथा हावापानी, धार्मिक सम्पदा र पर्यटन, राजनैतिक चेतना र सहभागिता शिक्षा, स्वास्थ्य, विद्युत, संचार, उद्योग व्यवसाय आदि सबै दृष्टिले नेपालका अन्य जिल्लाहरूभन्दा भिन्न, पृथक र नमुना जिल्लाको रूपमा चित्रण गर्न सकिन्छ ।

## सन्दर्भ सामग्री सूची


- अधिकारी, बमबहादुर (२०७६), *नवलपरासी जिल्लाको इतिहास र पर्यटनको झलक,* काठमाडौं : स्देश प्रकाशन प्रा.लि. ।
- दाहाल, डिल्लीरमण (२०५६), *नेपालका केही पिछडिएका जातिहरूको सामाजिक-आर्थिक अध्ययन,* काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।
- पौड्याल, ज्ञानेन्द्र (२०६६), *कुमाल जातिको सामाजिक तथा आर्थिक स्थिति : एक अध्ययन,* बहुउद्देश्यीय सामाजिक विकास सेवा, नवलपरासी ।
- पौड्याल, ज्ञानेन्द्र (२०६७), *प्रसौनी नमुना गाउँविकास समिति : थारु जाति सङ्क्षिप्त चिनारी,* लघु अनुसन्धान, नवलपरासी ।
- विष्ट, डोरबहादुर (२०३०), *सबै जातिको फूलबारी,* काठमाडौं : साझा प्रकाशन ।
- श्री ५ को सरकार, (२०३१), *मेचीदेखि महाकाली (भाग ३),* काठमाडौं : सूचना विभाग, संचार मन्त्रालय ।
- शर्मा, जनकलाल (२०४९), *हाम्रो समाज एक अध्ययन,* काठमाडौं : साझा प्रकाशन ।